# शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना**: शिक्षा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ मा संशोधन**: छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को,-

(१) दफा ७ग. मा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) ठाउँ-ठाउँमा रहेका "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

३. **नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ मा संशोधन**: नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को,-

(१) दफा ४ को,-

(क) उपदफा (१) को खण्ड (द) मा रहेको "शिक्षकहरु" भन्ने शब्दको सट्टा "शिक्षकहरुमध्ये कम्तीमा एकजना महिला सहित" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(२) दफा १४ को उपदफा (३) मा रहेका "जाँचबुझ गर्ने, गराउने" भन्ने शब्दहरूपछि "र निर्देशन दिने" भन्ने शब्दहरू थपिएका छन् ।

(३) दफा १५ को,-

(क) उपदफा (१) मा रहेका "शिक्षा मन्त्री वा शिक्षा राज्यमन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) सहकुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न, गराउन र कानूनसम्मत निर्देशन दिन सक्नेछ ।"

(४) दफा १७ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) शिक्षाध्यक्षले सभाको निर्णय वा आदेशलाई अभिलेख गरी राख्नु पर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ।"

(५) दफा १९ख. पछि देहायको दफा १९ग. थपिएको छः-

"**१९ग.** **<u>पदबाट हटाउन सकिने</u>**ः (१) उप-कुलपति, शिक्षाध्यक्ष, कुलसचिव वा सेवा आयोगको अध्यक्षले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल रहेका एक तिहाइ सदस्यले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगको सदस्य र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाका कुल सदस्य संख्याको कम्तीमा

एकाउन्न प्रतिशत सदस्यले उप-कुलपति, शिक्षाध्यक्ष, कुलसचिव वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले उप-कुलपति, शिक्षाध्यक्ष, कुलसचिव वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउने छ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) उप-कुलपति, शिक्षाध्यक्ष, कुलसचिव र सेवा आयोगको अध्यक्ष बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन शुरु भएमा छ महिनाभित्र अन्तिम निर्णय गरिसक्नु पर्नेछ । त्यस्तो अन्तिम निर्णय नभएसम्म निजले आफू बहाल रहेको पदमा काम गर्न पाउने छैन।

(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(६) दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"**२९क.** **<u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः</u>** (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(७) दफा ४ र दफा ३४क. मा रहेका "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखी रूपान्तर गरिएको छ ।

४. **<u>काठमाडौं विश्वविद्यालय ऐन, २०४८ मा संशोधन</u>**ः काठमाडौं विश्वविद्यालय ऐन, २०४८ को,-

(१) दफा ४ को,-

(क) उपदफा (१) को खण्ड (च) मा रहेका "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (१) को खण्ड (ड), (ढ) र (त) को सट्टा देहायका खण्ड (ड), (ढ) र (त) राखिएका छन्ः-

"(ड) चन्दादाताहरुमध्येबाट समावेशी आधारमा दुईजना - सदस्य

(ढ) लब्धप्रतिष्ठित विद्वानहरुमध्येबाट समावेशी आधारमा कम्तीमा दुईजना महिला सहित पाँचजना - सदस्य

(त) शिक्षकहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य”

(ग) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

“(५) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।”

(२) दफा १३ को,-

(क) उपदफा (२) र (७) झिकिएका छन् ।

(ख) उपदफा (४) मा रहेका “जाँचबुझ गर्ने गराउने” भन्ने शब्दहरुपछि “र निर्देशन दिने” भन्ने शब्दहरु थपिएका छन् ।

(३) दफा १३ पछि देहायको दफा १३क. थपिएको छ :-

"**१३क. <u>सह-कुलपति</u>**ः (१) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री विश्वविद्यालयको सह-कुलपति हुनेछ ।

(२) कुलपतिको अनुपस्थितिमा सह-कुलपतिले दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ ।

(३) सह-कुलपतिले आवश्यकता अनुसार विश्वविद्यालयको निरीक्षण गर्न, गराउन र कानूनसम्मत निर्देशन दिन सक्नेछ।"

(४) दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

“(३) रजिष्ट्रारले सभाको निर्णय वा आदेशलाई अभिलेख गरी राख्नु पर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।”

(५) दफा १६ पछि देहायको दफा १६क. थपिएको छः-

"**१६क. <u>पदबाट हटाउन सकिने</u>**ः (१) उप-कुलपति वा रजिष्ट्रारले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको

आचरण नगरेको भनी सभामा तत्काल रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगको सदस्य र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाका कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यले उप-कुलपति वा रजिष्ट्रारलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले उप-कुलपति वा रजिष्ट्रारलाई पदबाट हटाउनेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) उप-कुलपति र रजिष्ट्रार बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन शुरु भएमा छ महिनाभित्र अन्तिम निर्णय गरिसक्नु पर्नेछ । त्यस्तो अन्तिम निर्णय नभएसम्म निजले आफू बहाल रहेको पदमा काम गर्न पाउने छैन।

(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(६) दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"**२०क.** **निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः** (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

५. **<u>त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा संशोधन</u>**ः त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को,-

(१) दफा ९ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(२) दफा १७ को उपदफा (१) मा रहेका "शिक्षा तथा संस्कृति मन्त्री वा राज्य मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा १९ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) शिक्षाध्यक्षले सभाको निर्णय वा आदेशलाई अभिलेख गरी राख्नु पर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।"

(४) दफा २१ख. पछि देहायको दफा २१ग. थपिएको छः-

"**२१ग. <u>पदबाट हटाउन सकिने</u>**ः (१) उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगको सदस्य र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस

दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाका कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यले उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउने छ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र सेवा आयोगको अध्यक्ष बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन शुरु भएमा छ महिनाभित्र अन्तिम निर्णय गरिसक्नु पर्नेछ । त्यस्तो अन्तिम निर्णय नभएसम्म निजले आफू बहाल रहेको पदमा काम गर्न पाउने छैन।

(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।

(५) दफा २५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) विश्वविद्यालयको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।"

(६) दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"**२७क.** **<u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्ति</u>**: (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(७) दफा ८ र दफा ३१ मा रहेका "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

६. **<u>विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० मा संशोधन</u>**: विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को,-

(१) दफा ११ पछि देहायको दफा ११क. र ११ख. थपिएका छन्:-

"**११क. <u>निःशुल्क उच्च शिक्षाको लागि अनुदान दिने</u>**: (१) विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीलाई लाग्ने अध्ययन शुल्क बापतको रकम आयोगले निज अध्ययनरत शिक्षण संस्थामा अनुदानको रूपमा उपलब्ध गराउनेछ ।

**<u>स्पष्टीकरण</u>**: यस उपदफाको प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण तथा अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रहेका विद्यार्थीहरूको लागि अध्ययन शुल्क बापतको रकम शिक्षण संस्थालाई उपलब्ध गराइने छैन :-

(क) अध्ययन गर्न छोडेका,

(ख) अध्ययन संकाय परिवर्तन गरेका,

(ग) तोकिएको हाजिरी प्रतिशतभन्दा कम हाजिर भएका,

(घ) लगातार दुई वर्षसम्म अनुत्तीर्ण भएका,

(ङ) झुट्टा विवरण पेश गरेका, वा

(च) अन्य शिक्षण संस्थामा निःशुल्क अध्ययन गरिरहेका ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइएको अनुदान उपदफा (२) बमोजिमका विद्यार्थीका लागि

छुट्याएको रकम प्रयोग नभएमा सम्बन्धित शिक्षण संस्थाले त्यस्तो रकम आयोगमा फिर्ता पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको रकम सम्बन्धित शिक्षण संस्थाले आयोगमा फिर्ता नपठाएमा त्यस्तो शैक्षिक संस्थालाई दिइने जुनसुकै अनुदान आयोगले रोक्का गर्न सक्नेछ ।

**११ख.** __**निःशुल्क उच्च शिक्षाका लागि रकम व्यवस्था**__ः दफा ११क. अनुसार लाग्ने रकम आयोगले निःशुल्क उच्च शिक्षा दिने प्रयोजनको लागि विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थालाई दिएको अनुदान रकम सालवसाली रूपमा विश्वविद्यालय अनुदान आयोगको विनियोजित बजेटबाट व्यवस्थापन हुनेछ।"

(२) दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) आयोगको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।"

(३) दफा ५ र दफा १८ मा रहेका "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

**७.** __**पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० मा संशोधन**__ः पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को,-

(१) दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयको केन्द्रीय कार्यालय मोरङ जिल्ला, सुन्दर हरैचा नगरपालिकाको गोठगाउँमा रहनेछ।"

(२) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको निर्वाचन क्षेत्रका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभाका सदस्य - सदस्य"

(ख) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) लब्धप्रतिष्ठित विद्वानहरुमध्येबाट समावेशी आधारमा कम्तीमा दुईजना महिला सहित पाँचजना - सदस्य"

(ग) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख - सदस्य"

(घ) खण्ड (ढ), (द), (ध) र (न) को सट्टा देहायका खण्ड (ढ), (द), (ध) र (न) राखिएका छन्ः-

"(ढ) विश्वविद्यालयका नेपाल प्राध्यापक संघ क्याम्पस इकाइका अध्यक्ष र सचिवको निर्वाचक मण्डलले समानुपातिक एकल संक्रमणीय मतका आधारमा समावेशी सिद्धान्त बमोजिम निर्वाचित कम्तीमा दुईजना महिला सहित पाँचजना शिक्षकहरू - सदस्य

(द) शिक्षाप्रेमी तथा समाजसेवीमध्येबाट समावेशी आधारमा कम्तीमा दुईजना महिला सहित चारजना - सदस्य

(ध) उद्योगपति, व्यापारी तथा कृषकहरुमध्येबाट समावेशी आधारमा कम्तीमा दुईजना महिला सहित छजना - सदस्य

(न) चन्दादाताहरुमध्येबाट समावेशी आधारमा कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य"

(३) दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ ।

"(२क) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(४) दफा १४ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगर कार्यपालिकाको प्रमुख समेत रहने गरी विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको प्रदेश अन्तर्गतका नगर कार्यपालिकाका प्रमुखहरूमध्येबाट चारजना - सदस्य"

(५) दफा २३ को उपदफा (१) मा रहेका "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन् ।

(६) दफा २६ को उपदफा (४) पछि उपदफा (५) थपिएको छः-

"(५) रजिष्ट्रारले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नु पर्नेछ ।सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ।"

(७) दफा २७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) डीनको नियुक्ति कार्यकारी परिषद्बाट हुनेछ ।"

(८) दफा २८ख. पछि देहायको दफा २८ग. थपिएको छः-

"२८ग. **<u>पदबाट हटाउन सकिने</u>**ः (१) उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगको सदस्य र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाका कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यले उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउनेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र सेवा आयोगको अध्यक्ष बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन शुरु भएमा छ महिनाभित्र अन्तिम निर्णय गरिसक्नु पर्नेछ । त्यस्तो अन्तिम निर्णय नभएसम्म निजले आफू बहाल रहेको पदमा काम गर्न पाउने छैन।

(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(९) दफा ३२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।"

(१०) दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छः-

"**३४क. <u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्ति</u>**ः (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(११) दफा ७ र दफा ३७ मा रहेका "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

८. **<u>पोखरा विश्वविद्यालय ऐन, २०५३ मा संशोधन</u>**: पोखरा विश्वविद्यालय ऐन, २०५३ को,-

(१) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख - सदस्य ।"

(ख) खण्ड (त), (थ) र (द) को सट्टा देहायका खण्ड (त), (थ) र (द) राखिएका छन्:-

"(त) शिक्षाप्रेमी तथा समाजसेवीमध्येबाट समावेशी आधारमा कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य

(थ) उद्योगपति, व्यापारी तथा कृषकहरुमध्येबाट समावेशी आधारमा कम्तीमा दुईजना महिला सहित चारजना - सदस्य

(द) चन्दादाताहरुमध्येबाट समावेशी आधारमा दुईजना - सदस्य"

(ग) खण्ड (ध) झिकिएको छ ।

(२) दफा ८ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ । "

(३) दफा २३ को उपदफा (१) मा रहेका "शिक्षा मन्त्री वा राज्य मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा २६ को उपदफा (६) पछि उपदफा (७) थपिएको छः

"(७) रजिष्ट्रारले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नुपर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।"

(५) दफा २८ख. पछि देहायको दफा २८ग. थपिएको छः-

"**२८ग. पदबाट हटाउन सकिने**ः (१) उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगको सदस्य र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभाका कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यले उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउन निर्णय गरेमा कुलपतिले उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार वा सेवा आयोगको अध्यक्षलाई पदबाट हटाउनेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) उप-कुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र सेवा आयोगको अध्यक्ष बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीलाई उपदफा (१) बमोजिमको आरोप छानबिन गर्दा वा पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन शुरु भएमा छ महिनाभित्र अन्तिम निर्णय गरिसक्नु पर्नेछ । त्यस्तो अन्तिम निर्णय नभएसम्म निजले आफू बहाल रहेको पदमा काम गर्न पाउने छैन।

(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(६) दफा ३० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।"

(७) दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः-

"**३२क.** **<u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः</u>** (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय

वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(८) दफा ७ र दफा ३९ मा रहेका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

९. **<u>लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन,२०६३ मा संशोधन</u>**ः लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन,२०६३ को,-

(१) प्रस्तावनामा रहेका "बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृति" भन्ने शब्दहरूको सट्टा "बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृति सहित

अन्य विषय" भन्ने शब्दहरू थपी प्रस्तावनामा रहेका "जनस्तरबाट" भन्ने शब्द झिकिएको छ ।

(२) दफा ३ को उपदफा (१) मा रहेका "बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृति" भन्ने शब्दहरूको सट्टा "बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृति सहित अन्य विषय" भन्ने शब्दहरू थपिएका छन् ।

(३) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (ट) मा रहेका "सम्बन्धित विकास क्षेत्रको क्षेत्रीय प्रशासक" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित प्रदेश सरकारको प्रमुख सचिव" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (त) मा रहेका "प्राध्यापक संघको प्रतिनिधि" भन्ने शब्दहरूको सट्टा "विश्वविद्यालय प्राध्यापक संघको प्रतिनिधि" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (द) मा रहेका "प्रत्येक विकास क्षेत्रबाट एकजना महिला पर्ने गरी दशजना" भन्ने शब्दहरूको सट्टा "प्रत्येक प्रदेशबाट कम्तीमा एकजना महिला पर्ने गरी चौधजना" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छः-

"(न) चन्दादाताहरुमध्येबाट समावेशी आधारमा दुईजना - सदस्य"

(४) दफा ८ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(५) दफा २० को उपदफा (१) मा रहेका "शिक्षा तथा खेलकुद मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री" भन्ने शब्दहरू राखिएका छन् ।

(६) दफा २३ को उपदफा (५) पछि उपदफा (६) थपिएको छः-

"(६) रजिष्ट्रारले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नुपर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।"

(७) दफा २४ को उपदफा (२) मा रहेको "उप-कुलपतिबाट" भन्ने शब्दको सट्टा "कार्यकारी परिषद्बाट" भन्ने शब्दहरू राखिएका छन् ।

(८) दफा २८ को उपदफा (१) मा रहेका "शिक्षा तथा खेलकूद मन्त्रालयका सचिव" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव" भन्ने शब्दहरू राखिएका छन् ।

(९) दफा २८ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः

"(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको कुनै पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(१०) दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः-

"**३२क. <u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्ति</u>**ः (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा

व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(११) दफा ७, दफा ३८ र दफा ४१ मा रहेका "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

**१०. <u>सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ मा संशोधन</u>**ः सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (झ) मा रहेका "सम्बन्धित विकास क्षेत्रको क्षेत्रीय प्रशासक" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित प्रदेश सरकारको प्रमुख सचिव" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छः-

"(ड) शिक्षकहरुमध्येबाट समावेशी आधारमा दुईजना - सदस्य"

(ग) खण्ड (ध) को सट्टा देहायको खण्ड (ध) राखिएको छः-

"(ध) चन्दादाताहरुमध्येबाट समावेशी आधारमा कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य"

(२) दफा ८ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(३) दफा ८ को उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क.) रजिष्ट्रारले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नुपर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।"

(४) दफा २३ को उपदफा (१) मा रहेका "शिक्षा मन्त्री वा राज्य मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ३० को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको कुनै पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(६) दफा ३५ पछि देहायको दफा ३५क. थपिएको छः-

"**३५क. <u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः</u>** (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा

व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(७) दफा ७ र दफा ४१ मा रहेका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

(८) दफा २४ र दफा ३० मा रहेका "शिक्षा मन्त्रालयको सचिव" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

(९) ठाउँ-ठाउँमा र प्रचलित कानूनमा रहेका "सुदूरपश्चिमाञ्चल विश्वविद्यालय" भन्ने शब्दहरुको सट्टा "सुदूरपश्चिम विश्वविद्यालय" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

११. **<u>मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ मा संशोधन</u>**: मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (ङ) मा रहेका "अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग" भन्ने शब्दहरूको सट्टा "विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य" भन्ने शब्हरू राखिएका छन् ।

(ख) खण्ड (झ) मा रहेका "सम्बन्धित विकास क्षेत्रको क्षेत्रीय प्रशासक" भन्ने शब्दहरूको सट्टा "कर्णाली प्रदेश सरकारको प्रमुख सचिव" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

"(ण) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख - सदस्य"

(घ) खण्ड (न) पछि देहायको खण्ड (न१) थपिएको छः-

"(न१) अध्यक्ष, उद्योग वाणिज्य संघ, सुर्खेत - सदस्य"

(२) दफा ८ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(३) दफा ८ को उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) रजिष्ट्रारले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नु पर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ।"

(४) दफा २३ को उपदफा (१) मा रहेका "शिक्षा मन्त्री वा राज्य मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा " भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ३० को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(६) दफा ३५ पछि देहायको दफा ३५क. थपिएको छ :-

"**३५क. निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः** (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका

दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(७) दफा ७ र ४१ मा रहेका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

(८) दफा २४ र दफा ३० मा रहेका "शिक्षा मन्त्रालयको सचिव" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

(९) ठाउँ-ठाउँमा र प्रचलित कानुनमा रहेका "मध्यपश्चिमाञ्चल विश्वविद्यालय" भन्ने शब्दहरुको सट्टा "मध्यपश्चिम विश्वविद्यालय" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ ।

१२. **<u>कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ मा संशोधन</u>**: कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (झ) मा रहेका "कृषि तथा सहकारी मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ञ) मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ठ) झिकिएको छ ।

(घ) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छः-

"(द) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख - सदस्य"

(२) दफा ८ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(३) दफा ८ को उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) रजिष्ट्रारले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नु पर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ।"

(४) दफा २३ को उपदफा (१) मा रहेका "शिक्षा मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा " भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ३० को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(६) दफा ३५ पछि देहायको दफा ३५क. थपिएको छः-

"**३५क. <u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्ति</u>**ः (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(७) दफा ७ र दफा ४१ मा रहेको "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

(८) दफा २४ र दफा ३० मा रहेका "शिक्षा मन्त्रालयको सचिव" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

**१३. <u>नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ मा संशोधन</u>**: नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को,-

(१) दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | कुलपति | - अध्यक्ष |
| (ख) | सदस्य,राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | - सदस्य |
| (ग) | उप-कुलपति | - सदस्य |
| (घ) | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | - सदस्य |
| (ङ) | सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | - सदस्य |
| (च) | सचिव, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - सदस्य |
| (ज) | सचिव, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (झ) | सचिव, नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य |
| (ञ) | अन्य विश्वविद्यालयका उप-कुलपतिहरूमध्येबाट दुईजना | - सदस्य |
| (ट) | अन्य विश्वविद्यालय तथा प्रचलित कानून बमोजिम स्थापना भएका | |

अध्ययन प्रतिष्ठानका पूर्वउप-
कुलपतिहरूमध्येबाट एकजना - सदस्य

(ठ) डीनहरूमध्येबाट एकजना - सदस्य

(ड) निर्देशकहरूमध्येबाट एकजना - सदस्य

(ढ) विश्वविद्यालयका प्राध्यापकहरूमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ण) गैरआवासीय नेपाली संघको अध्यक्ष वा निजले तोकेको सो संघको प्रतिनिधि - सदस्य

(त) उद्योगपति, व्यापारी, चन्दादाता, समाजसेवी वा शैक्षिक वा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका व्यक्तिहरूमध्ये सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कम्तीमा दुईजना महिला सहित पाँचजना - सदस्य

(थ) कुल सचिव - सदस्य-सचिव"

(२) दफा ८ को उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) कुलसचिवले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नु पर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।"

(३) दफा १७ को उपदफा (१) मा रहेका "शिक्षा मन्त्री" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री" भन्ने शब्दहरू राखिएका छन् ।

(४) दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छः-

"**३३क. <u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः</u>** (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका

दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

(५) दफा ४० मा रहेका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

(६) दफा २२ र दफा २६ मा रहेका "शिक्षा मन्त्रालयका सचिव" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

१४. **राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ मा संशोधनः** राजर्षिजनक विश्वविद्यालय ऐन, २०७४ को,-

(१) दफा ८ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ ।"

(२) दफा ८ को उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) रजिष्ट्रारले सभाको निर्णय वा आदेशको अभिलेख गरी राख्नु पर्नेछ । सो निर्णय वा आदेशको एक प्रति कुलपति समक्ष पठाउनु पर्नेछ ।"

(३) दफा ३० को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको वरिष्ठतम् पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ ।"

(४) दफा ३५ पछि देहायको दफा ३५क. थपिएको छः-

"**३५क. <u>निःशुल्क उच्च शिक्षा तथा छात्रवृत्तिः</u>** (१) विश्वविद्यालयले तोकेको मापदण्ड पूरा गरी विश्वविद्यालय वा मातहतका आङ्गिक तथा सामुदायिक शैक्षिक संस्थामा भर्ना भएका दलित, सिमान्तीकृत, अपाङ्ग र आर्थिक रूपले विपन्न विद्यार्थीको लागि उच्च शिक्षा निःशुल्क हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड, वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एकपटक मात्र उपभोग गर्न पाउनेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको सिट सुरक्षित गरिनेछ ।

(५) विश्वविद्यालयले शहिद, बेपत्ता पारिएका र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नेछ ।

(६) कक्षा छदेखि कक्षा दशसम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ ।"

भाद्र १३, २०७६ मा बसेको राष्ट्रिय सभाको बैठकले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित पारित गरेको र फागुन १४, २०७६ मा बसेको प्रतिनिधि सभाको बैठकले यस विधेयकलाई शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित पारित गरेकोमा राष्ट्रिय सभाको चैत्र ४, २०७६ मा बसेको बैठकले उक्त प्रतिवेदन सहितको संशोधनलाई स्वीकार गरी पुनः पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।

... ... ... ... ... ... ... ...

(गणेश प्रसाद तिमिल्सिना)
अध्यक्ष
राष्ट्रिय सभा

राष्ट्रिय सभा अध्यक्षबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

..................................
(विद्यादेवी भण्डारी)
राष्ट्रपति

मितिः २०७७/..../....